धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ९९ ◆ २०८३ कात्तिक ८ आइतबार ◆ Sunday, October 25, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## यु-१९ एसिया कपः नेपालको प्रारम्भिक टोली घोषणा

❑ प्रत्यूष समाचारदाता

काठमाडौं। आगामी यु-१९ एसिया कपलाई लक्षित गर्दै नेपालले प्रारम्भिक टोली घोषणा गरेको छ। नेपाल क्रिकेट सङ्घ (क्यान) ले शनिबार २८ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको हो।

प्रतियोगिताको तयारी स्वरूप नेपाली युवा टोलीको बन्द प्रशिक्षण आइतबार (आज) देखि पोखरामा सञ्चालन हुनेछ। प्रशिक्षणका क्रममा खेलाडीको प्रदर्शन र क्षमताका आधारमा अन्तिम टोली छनोट गरिने क्यानले जनाएको छ। नेपालको प्रारम्भिक टोलीमा नितेश पटेल, चन्दन राम, वंश क्षेत्री, निरज यादव, निश्चल क्षेत्री, आशिष लुहार, सुशील रावल, शुभम खनाल, अभय यादव, सचिन भट्ट, सूर्यांशु कोइराला, परिमार्जन यादव, प्रसिद्ध जैसी र शिवांश बजगाई छन्। यस्तै, दर्शन सोनार, विपिन शर्मा, सुगम बुढाथोकी, आशिक बैठा, जोय थापा, सोहेल कुँवर, रौनक श्रीवास्तव, रोहित चन्द, सौजन घिमिरे, कृतिक कामत, भूपाल डंगोल, राहुल हक, दीपक सेमेला र रोशन शाहीले पनि प्रारम्भिक टोलीमा स्थान बनाएका छन्। आसन्न संस्करणको एनपिएल आउँदो नोभेम्बरमा हुने तालिका सार्वजनिक गरिएकोछ।

## आश्विन शुक्ल त्रयोदशीः नवदुर्गाको प्रसाद र आशीर्वाद थाप्ने क्रम जारी

काठमाडौं। आश्विन शुक्ल त्रयोदशीका दिन शनिबार नवदुर्गाको प्रसाद स्वरूप टीका लगाउन र आशीर्वाद थाप्न मान्यजनका घरमा जाने क्रम शनिबार पनि जारी छ।

विजया दशमीका दिन कात्तिक ४ गते दश दिनसम्म पूजा आराधना गरी देवी विसर्जन गरेपछि सुरु भएको प्रसाद लगाउने र मान्यजनबाट आशीर्वाद लिने क्रम कोजाग्रत पूर्णिमाका दिनसम्म जारी रहन्छ।

पश्चिम नेपालका केही जिल्लामा भने विजयादशमीका दिनमात्र दुर्गाको प्रसाद लगाउने र आशीर्वाद थाप्ने प्रचलन रहेको छ। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष सह प्राडा पुरुषोत्तम भट्टराई भने कोजाग्रत पूर्णिमाका दिन अखिल बलिपूर्ति नभएसम्म नवदुर्गाको प्रसाद लगाउन शास्त्रीय रूपमा कुनै बाधा नरहेको बताउनुहुन्छ।

केही दिन सुनसान रहेको राजधानी शहरमा बिहानदेखि भने केही चहलपहल देखिन थालेको छ।

मानिसको चहलपहल बढेको देखिए पनि सवारी कम हुँदा यात्रा सहज हुन सकेको छैन। सार्वजनिक यातायातमा कोचाकोच गरेर टीका थाप्न र आशीर्वाद लिन हिँड्नेको चहलपहल भने बजारमा हिजोका दिनभन्दा बढी छ। यसवर्ष कात्तिक ८ गते आइतबार अखिल बलि पूर्ति नभएसम्म नवदुर्गाको प्रसादका रूपमा टीका र जमरा लगाउने क्रम जारी रहन्छ।

## तनहुँको जामुनेमा तीन वटा सवारी साधन ठोक्किए



दमौली। पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-२ जामुनेस्थित पृथ्वीराजमार्गमा तीन सवारीसाधन एकआपसमा ठोक्किँदा दुई जना घाइते भएका छन्।

दमौलीबाट पोखरातर्फ जाँदै गरेको बा १९ च १४७७ नम्बरको स्कारपिओ र विपरीत दिशाबाट आउँदै गरेको ग १ ज ९००८ नम्बरको ईभी माइको एकआपसमा ठोक्किएका थिए।

ठक्करपछि अनियन्त्रित भएको स्कारपिओ डिभाइडर नाघेर विपरीत लेनमा पुगेको र पोखराबाट दमौलीतर्फ जाँदै गरेको ग १ ज ७५०१ नम्बरको टाटा सुमोसँग ठोक्किएको प्रहरीले जनाएको छ।

दुर्घटनामा ईभी माइकोका चालक शुक्लागण्डकी नगरपालिका-६ निवासी ३२ वर्षीय सुमन परियार र माइकोमा सवार व्यास नगर पालिका-१४ निवासी नौ वर्षीया जेनिशा परियार घाइते दुवै जनाको प्रदेश अस्पताल दमौलीमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले संचार-कर्मीहरुलाई जानकारी दिनुभयो।

# तीन महिनामा २८ जनाद्वारा नागरिकता परित्याग

❑ प्रत्यूष समाचारदाता

नारायणगढ (चितवन)। जिल्ला प्रशासन कार्यालय चितवन र इलाका प्रशासन कार्यालय माडीबाट चालु आर्थिक वर्षको साउनदेखि असोज मसान्तसम्म तीन हजार ६२ जनाले वंशजका आधारमा जिल्लाबाट नागरिकता प्राप्त गरेका छन् भने छ हजार ७६६ नागरिकताको प्रतिलिपि जारी गरिएको छ। यस अवधिमा २८ जनाले नागरिकता परित्याग गरेका छन्।

जिल्ला प्रशासन कार्यालय चितवनका सूचना अधिकारी विकास विक्रका अनुसार उक्त अवधिमा जिल्ला प्रशासन कार्यालयबाट दुई हजार ८२४ र इलाका प्रशासन कार्यालय माडीबाट २३८ जनाले वंशजका आधारमा नागरिकता प्राप्त गरेका हुन्। नागरिकता प्राप्त गर्नेमा जिल्ला प्रशासन कार्यालयबाट एक हजार ४१८ महिला र एक हजार ४०६ पुरुष तथा माडीबाट १२२ महिला र ११६ पुरुष रहेका छन्।

यस अवधिमा जिल्ला प्रशासन कार्यालयबाट १५ महिलाले वैवाहिक अङ्गीकृत र ११ जनाले अङ्गीकृत नागरिकता प्राप्त गरेका छन्। अङ्गीकृत नागरिकता प्राप्त गर्नेमा सात महिला र चार पुरुष छन्। यस्तै, ३१ जनाले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेका छन्। गैरआवासीय नागरिकता प्राप्त गर्नेमा नौ महिला र २२ पुरुष रहेका छन्। जिल्ला प्रशासन कार्यालयबाट तीन महिनाको अवधिमा छ हजार ११६ नागरिकताको प्रतिलिपि जारी गरिएको छ।

प्रतिलिपि लिनेमा दुई हजार ९८७ महिला, तीन हजार १२८ पुरुष र एक अन्य रहेका छन्। इलाका प्रशासन कार्यालय माडीबाट पनि ६५० नागरिकताको प्रतिलिपि जारी गरिएको छ। तीमध्ये ३२३ महिला र ३२७ पुरुष छन्। त्यसैगरी, जिल्ला प्रशासन कार्यालयबाट २८ जनाले नागरिकता परित्याग गरेका छन्। नागरिकता परित्याग गर्नेमा १० महिला र १८ पुरुष छन् भने चार जनाको नागरिकता रद्द गरिएको छ। जिल्ला प्रशासन कार्यालय बाट ११ हजार ९९७ जनाको राष्ट्रिय परिचयपत्रका लागि नयाँ विवरण दर्ता गरिएको छ भने चार हजार ३७० वटा राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ। राहदानीका लागि पाँच हजार ८५२ जनाको सिफारिस गरिएको र चार हजार २४३ वटा राहदानी वितरण गरिएको सूचना अधिकारी विकले जानकारी दिनुभयो।

यस अवधिमा ३२६ जनाको नाबालक परिचयपत्रका लागि नयाँ दर्ता गरिएको छ भने ११ वटा प्रतिलिपि जारी गरिएको छ। कार्यालयबाट ३१६ वटा जातीय प्रमाणित, ३१७ वटा भारतीय पेन्सन सिफारिस, १२५ वटा व्यक्ति प्रमाणित र एक हजार ११४ वटा अन्य सिफारिससम्बन्धी कामसमेत भएका छन्।

यता, इलाका प्रशासन कार्यालय माडीबाट असोज मसान्तसम्म एक हजार २५५ जनाको राष्ट्रिय परिचयपत्रका लागि नयाँ विवरण दर्ता गरिएको छ भने ७४८ वटा परिचयपत्र वितरण गरिएको छ। सोही अवधिमा १० वटा नाबालक परिचयपत्रका लागि नयाँ दर्ता र २३ वटा जातीय प्रमाणित सम्बन्धी काम भएका छन्। माडीबाट एक महिलाले वैवाहिक अङ्गीकृत र एक जनाले अङ्गीकृत नागरिकता प्राप्त गरेका छन्। यस अवधिमा जिल्ला प्रशासन कार्यालय बाट १५ महिलाले वैवाहिक अङ्गीकृत र ११ जनाले अङ्गीकृत नागरिकता प्राप्त गरेका छन्।

## देशभर २० विपद्का घटना, आठ जना घाइते

❑ प्रत्यूष समाचारदाता

काठमाडौं। देशभर पछिल्लो २४ घण्टामा विभिन्न प्रकृतिका २० वटा विपद्का घटना भएका छन्। ती घटनामा परी आठ जना घाइते भएका छन् भने करिब रु २४ लाख १५ हजार बराबरको आर्थिक क्षति भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार कात्तिक ६ गते बिहान १० बजेदेखि (हिजो शनिबारसम्म देशभरका विभिन्न जिल्लामा आगलागी, सर्पदंश, लेक लाग्ने, पहिरो तथा जनावरको आक्रमणलगायत विपद्का घटना भएका हुन्।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार सप्तरी, धादिङ, गोरखा, कञ्चनपुर र डडेल्धुरामा सर्पदंशका घटना भएका छन्। यस्तै, मोरङ, सुनसरी, बारा, नवलपरासी पूर्व, दाङ, सल्यान, कैलाली र डडेल्धुरामा आगलागीका घटना भएका छन्।

त्यसैगरी, मनाङ र डोल्पा जिल्लामा लेक लाग्ने, म्याग्दीमा पहिरो तथा कास्की र कैलालीमा जनावरको आक्रमणका घटना भएका छन्।

विभिन्न जिल्लामा भएका यी विपद्का घटनाबाट आठ जना घाइते भएका छन्। घटनामा मानवीय क्षति नभए पनि भौतिक सम्पत्तिमा क्षति पुगेको प्राधिकरणले जनाएको छ।

विपद्मा परी घाइते भएका मध्ये केहीको सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको छ भने केहीलाई थप उपचारका लागि जिल्ला बाहिरका अस्पतालमा लगिएको छ। घटनाबाट भएको क्षतिको विवरण सङ्कलन तथा प्रभावित क्षेत्रमा आवश्यक व्यवस्थापनका लागि सम्बन्धित निकाय सक्रिय रहेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले विपद्को जोखिम देखिएमा स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गर्न र आधिकारिक सूचनाको पालना गर्न सर्वसाधारणलाई आग्रह गरेको छ।

अहिले सरकार लगायतका सरोकार वालाहरुले समेत विपद्का समयमा सतर्कता अपनाउनुका साथै सो जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नसके सम्भावित जनधनको क्षति कम गर्न सकिने प्राधिकरणको सुझाव छ।

## दाङमा यस वर्षदेखि सराय नाच मेलाको सुरुआत

घोराही। दाङमा यस वर्षदेखि सराय नाच मेलाको सुरुआत गरिएको छ। घोराही उपमहानगरपालिका-१८ स्थित अम्बिकेश्वरी मन्दिरको व्यवस्थापन समितिको आयोजनामा शनिबार सराय नाच मेलाको सुरुआत गरिएको हो। यसको संरक्षणका लागि सराय नाचको सुरुआत निकै सकारात्मक रहेको गुल्मी जिल्ला मदाने गाउँपालिका-७ बाट बसाइँ सरेर घोराहीमा बस्दै आउनुभएका आशिष पन्थी बताउनु हुन्छ। यसले हरेर वर्ष यसरी नै निरन्तरता पायो भने सराय नाचको संरक्षण हुने उहाँको भनाइ छ। आफू पनि यस नाचमा सहभागी हुन पाउँदा खुसी लागेको बताउनुभयो।

"यो हाम्रो संस्कृतिक, परम्परा र मौलिक कला हो। यसको संरक्षणका लागि सबै लाग्नुपर्छ", पन्थीले भन्नुभयो। उहाँले आफू बसाइँ सरेर यहाँ आएदेखि सराय नाच हेर्न नपाए पनि अहिले भने खुसी लागेको बताउनुभयो। विभिन्न पहाडी जिल्लाबाट यहाँ आएका नागरिकसँगै सम्पूर्ण यसको संरक्षणमा लाग्नुपर्ने बताउनुभयो।

तरबार, खुडा र खुकुरी नचाउँदै पञ्चेबाजाको तालमा सामूहिक रूपमा सराय नाच नाचिन्छ। तर, यो कला सङ्कटमा पर्न थालेको भन्दै जिल्लामा यसवर्षदेखि सुरुआत गरिएको हो। यस नाचले दसैंमा टीका र जमरासँगै परिवार तथा आफन्तसँगको भेटघाटलाई विशेष महत्त्व दिन्छ।

देवीदेवताले दानवमाथि विजय प्राप्त गरेको खुसीयालीमा मनाइने सराय नाच दसैंको प्रमुख सांस्कृतिक आकर्षणका रूपमा रहेको हुँदा जिल्लामा पनि यस नाचको यस वर्षदेखि सुरुआत गरिएको घोराहीका नारायण भुसाल बताउनुहुन्छ। ऐतिहासिक मन्दिर अम्बिकेश्वरी मन्दिरबाट सराय नाच मेलाको सुरु गरेको उहाँको भनाइ छ। यो नाचले आगामी दिनमा संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण भूमिका खेल्ने उहाँ बताउनुहुन्छ।

गुल्मी, अर्घाखाँची, प्यूठान र पाल्पाका ऐतिहासिक कोटघर तथा शक्तिपीठमा विशेष महत्त्वका साथ नाचिने यो नाच बसाइँसराइसँगै दाङमा पनि विस्तार गरिएको छ। देवी भगवतीले असत्यमाथि सत्यको विजय हासिल गरेको खुसीयालीमा विजयोत्सवका रूपमा यो नाच सुरु भएको धार्मिक विश्वास छ।

घोराही उपमहानगरपालिका-१५ का पाण्डव खनालले पहिले पहाडी जिल्लामा सीमित जस्तै रहेको सराय नाच पछिल्लो समय बसाइँसराइसँगै दाङमा पनि यस वर्षदेखि विस्तार गरिएको बताउनुभयो। पहाडी जिल्लाबाट बसाइँ सरेकाले पनि आफ्नो मौलिक संस्कृति जोगाउने उद्देश्यले सबैको सहभागितामा सराय नाचको गरेको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "पछिल्लो समय सराय नाच महत्वपूर्ण बन्दै आएको छ, पहिले पहाडी क्षेत्रमा मात्रै गरिने यो नाच बसाइँसराइसँगै तराईका विभिन्न क्षेत्रमा सुरु भएको छ।" सरायँ नाच केवल मनोरञ्जनका लागि गरिने प्रदर्शन होइन। यसमा धार्मिक आस्था, पूजा विधि र स्थानीय परम्पराको विशिष्ट संयोजन पाइने उहाँको भनाइ छ। सराय नाच हुने दिन विधिअनुसार पूजाआजा गरेपछि स्थानीय चलन अनुसार नाच सुरु गरिन्छ। नयाँ पुस्तालाई यसको इतिहास र महत्त्व बुझाउन नसक्दा संस्कृति सङ्कटमा पर्ने चिन्ताले दाङमा यसको सुरुआत गरेको उहाँले बताउनुभयो।

सम्पादकीय ....

## यात्रा सफलताको शुभकामना

दसैंका रमाइला दिनहरू बितेसँगै अहिले गाउँघरमा दसैं मनाउन आएका नागरिकहरू पुनः आफ्नो कर्मथलो सहर फर्किन थालेका छन्। गाउँका घरआँगनमा भेटघाट र चहलपहल बढाउने नागरिकहरू फर्किन थालेपछि गाउँघर क्रमशः सुनसान बन्दै गएका छन् भने सहरतर्फ फर्किने सडकहरूमा यात्रुको चाप बढ्न थालेको छ। बसपार्क, राजमार्ग र सार्वजनिक यातायातका साधनहरूमा यात्रुको भीड देखिन थालेको छ।

दसैंको अवसरमा रोजगारी, अध्ययन तथा विभिन्न कामको सिलसिलामा सहरमा बसोबास गर्दै आएका हजारौं नागरिक आफ्नो जन्मथलो, गाउँघर र परिवारसँग खुसी साट्न घर फर्किने गर्छन्। वर्षभरि कामको व्यस्ततामा रहेका नागरिकले दसैंका बेला परिवारसँग बिताएका रमाइला क्षण, मान्यजनबाट ग्रहण गरेको टीका तथा आशीर्वाद र आफन्तसँगको भेटघाटले उनीहरूलाई नयाँ ऊर्जा प्रदान गरेको छ।

आफ्नो परिवार, आफन्त र जन्मभूमिसँग केही दिन बिताएर फर्किने नागरिकका मनमा दसैंका मिठा सम्झना र आगामी दिनका नयाँ योजनाहरू रहेका हुन्छन्। कतिपय नागरिक रोजगारीमा फर्किंदै छन् भने विद्यार्थीहरू आफ्नो अध्ययनलाई निरन्तरता दिन सहर फर्किरहेका छन्। गाउँघरमा बिताएका खुसीका क्षणहरूलाई सम्झनामा सँगाल्दै उनीहरू पुनः आफ्नो जिम्मेवारी पूरा गर्न यात्रामा निस्किएका छन्।

यस समयमा यात्रुको चाप बढ्ने भएकाले सडक तथा यातायात व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक छ। यात्रुको चापलाई मध्यनजर गर्दै सम्बन्धित निकाय, ट्राफिक प्रहरी, यातायात व्यवसायी र चालकहरूले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ। क्षमताभन्दा बढी यात्रु नराख्ने, तीव्र गतिमा सवारी नचलाउने, मादक पदार्थ सेवन गरेर सवारी नचलाउने र ट्राफिक नियमको पूर्ण पालना गर्ने विषयमा सबै सचेत हुनुपर्छ। यात्रुहरूले पनि टिकट काटेर यात्रा गर्ने, सुरक्षित सवारीसाधन छनोट गर्ने र यात्रा गर्दा आवश्यक सावधानी अपनाउने गर्नुपर्छ।

विशेषगरी पहाडी तथा ग्रामीण सडकमा यात्रा गर्दा पहिरो, साँघुरा सडक, खाल्डाखुल्डी र मौसमका कारण उत्पन्न हुन सक्ने जोखिमलाई बेवास्ता गर्नु हुँदैन। लामो दूरीका सवारीसाधनका चालकले पर्याप्त आराम गरेर मात्र सवारी चलाउनुपर्छ। यात्रुलाई सुरक्षित गन्तव्यसम्म पुऱ्याउनु चालकको जिम्मेवारी हो भने सुरक्षित यात्रामा सहयोग गर्नु सबैको कर्तव्य हो।

दसैंको वास्तविक खुसी घर फर्किनुमा मात्र सीमित हुँदैन; सुरक्षित रूपमा आफ्नो गन्तव्यमा पुगेर दैनिक जीवनमा फर्किनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। त्यसैले हतारभन्दा सुरक्षा, लापरबाहीभन्दा सावधानी र असावधानीभन्दा जिम्मेवारीलाई प्राथमिकता दिन आवश्यक छ।

अन्त्यमा, दसैं मनाएर गाउँघरबाट सहर तथा विभिन्न कर्मथलोतर्फ फर्किंदै गर्नुभएका सम्पूर्ण नागरिकहरूको यात्रा सुखद, सुरक्षित र सफल रहोस्। यात्राका क्रममा कुनै पनि अप्रिय घटना नहोस् र सबै यात्रु सकुशल आफ्नो गन्तव्यमा पुग्न सकून्। यही शुभकामनासहित सबैलाई सुरक्षित यात्राको हार्दिक मंगलमय शुभकामना !

## रासायनिक मलको विकल्पमा गड्यौले मल

तोलाकान्त बगाले

कृषि प्रधान देश नेपालका कृषकले खेतीपाती गर्ने समयमा रासायनिक मलको अभाव झेल्ने गरेका छन्। रासायनिक मलको अभावमा स्याङ्जाका कृषकले विकल्पको रूपमा गड्यौले मलको प्रयोग गर्नतर्फ आकर्षित भएका हुन्। गड्यौले मलमा अन्य जैविक मलको तुलनामा बिरुवालाई चाहिने अधिक तथा सुक्ष्म पोषक तत्वलगायत सुक्ष्म तत्व अधिकमात्रामा पाइने भएकाले रासायनिक मलको विकल्पमा गड्यौले मलको प्रयोग बढ्दै गएको हो।

गड्यौले मल एक प्रकारको जैविक मल हो, जुन केही विशेष प्रकारका गड्यौला प्रयोग गरी उत्पादन गर्ने गरिन्छ। गड्यौलालाई खानाको रूपमा गाई, भैंसीको गोबर, घरबाट निस्केका सड्ने गल्ने खालका तरकारीका छिल्का, बोक्रा, पात, केराको थाम प्रयोग गर्ने गरिन्छ। पछिल्लो समय किसानले रासायनिक मलबाट बिग्रेको माटोलाई अर्गानिक गड्यौले मल तथा कम्पोष्ट मलको प्रयोग गरी माटोको जीवन बचाउनका लागि पनि गड्यौले मलको प्रयोगलाई बढाउँदै लगेका छन्। कृषकले समयमा रासायनिक मल नपाउने र गड्यौले मललाई विकल्पको रूपमा प्रयोग गर्ने सकिने भएकाले स्याङ्जाको वालिङमा गड्यौले मलको व्यावसायिक उत्पादन थालिएको छ। वालिङमा रहेको वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाले गड्यौले मलको व्यावसायिक उत्पादनमा जोड दिएसँगै कृषक यसतर्फ आकर्षित भएका हुन्। २०७७ सालमा स्थापना भएको सहकारीले २०७९ सालदेखि सहकारीमा आवद्ध रहेका शेयर सदस्य तथा अगुवा कृषकलाई भेला गरी गड्यौले मलको व्यावसायिक उत्पादन र त्यसबाट हुने आम्दानीका बारेमा प्रशिक्षण सञ्चालन गरेसँगै यहाँका कृषक व्यावसायिक रूपमा अगाडि बढेका संस्थाका अध्यक्ष यामबहादुर गुरुङले बताउनुभयो। सहकारीले सुरुका दिनमा शेयर सदस्य तथा अगुवा २६० जना कृषकलाई गड्यौला पालनसम्बन्धी तालिम दिएको थियो। तालिम पश्चात उनीहरुलाई गड्यौलाको बीउ तथा गड्यौला पालनका लागि आवश्यक पर्ने पिट उपलब्ध गराएको थियो। सहकारी आफैंले पनि जग्गा भाडामा लिएर व्यावसायिक उत्पादन गर्दै आएको छ। "सहकारीमार्फत उत्पादन भएको गड्यौलाको बीउ तथा गड्यौलाको मल बिक्री हुँदै आएको छ" अध्यक्ष गुरुङले भन्नुभयो, "सुरुका दिनमा गड्यौलाको मलका बारेमा कृषकलाई बुझाउन समस्या थियो, पछिल्लो समय बुझेपछि माग अनुसार पुऱ्याउन हम्मेहम्मे परेको छ।" सहकारीमा आवद्ध कृषकले उत्पादन गरेको गड्यौले मल तथा बीउ कृषक आफैंले पनि बिक्री गर्न सक्ने र बिक्री गर्न नसकेको खण्डमा सहकारीमार्फत बजारीकरणको व्यवस्था मिलाउँदै आएको छ। कृषकले उत्पादन गरेको मल उहाँहरुले आफ्नो खेतबारीमा प्रयोग गर्न पनि सक्ने र बाँकी रहेको मल बिक्री गरेर आम्दानी लिनसक्ने भएकाले कृषक पछिल्लो समय गड्यौले मलतर्फ आकर्षित भएका हुन्।

सहकारीले वालिङ-८ खेलमैदान नजिकै पाँच वर्षलाई तीन रोपनी जग्गा भाडामा लिएर गड्यौले मल तथा बीउ उत्पादन गरिरहेको छ। ठूला २७ र साना १८ वटा गरी कूल ४५ वटा पिटमार्फत मल र बीउ उत्पादन गरिरहेको हो। सहकारीमार्फत मासिक छ हजार केजी र वार्षिक ६५ हजारदेखि ७५ हजार केजीसम्म मल उत्पादन हुने गरेको छ। यहाँ उत्पादन भएको मल शेयर सदस्यलाई प्रतिकेजी रु ३० र अन्य उपभोक्तालाई प्रतिकेजी रु ३५ का दरले बिक्री गर्दै आएको छ। "रासायनिक मलको जथाभावी प्रयोगले माटोको उर्वराशक्ति बिग्रिँदै गएको छ" अध्यक्ष गुरुङले भन्नुभयो, "रासायनिक मलको जथाभावी प्रयोगमा न्यूनीकरण गर्दै माटो बचाउनुका साथै वातावरण संरक्षण गर्ने लक्ष्य र उद्देश्यसहित अगाडि बढेका छौं।"

वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाले व्यावसायिक रूपमा थालेको गड्यौला मल तथा बीउ उत्पादन कार्यमा वालिङ नगरपालिकाको कार्यालय, कृषि विकास कार्यालय स्याङ्जा, हेफर इन्टरनेशनल, आस्क नेपाल, आइडिई नेपाललगायतका सङ्घसंस्थाहरुले आर्थिक, प्राविधिक तथा बजारीकरणमा सहयोग गर्दै आएका छन्। सहकारीमार्फत गड्यौले मल तथा बीउको व्यावसायिक उत्पादनसँगै यसको अध्ययन अवलोकनका लागि टाढा-टाढाबाट विभिन्न सङ्घसंस्था तथा कृषक समूहहरु आउने गरेका छन्। सिकेका सीपलाई आफ्नो ठाउँमा लगेर प्रयोग गर्न थालेसँगै यसलाई गड्यौले मल तथा बीउको अध्ययन पाठशालाकोरूपमा विकसित गर्ने गरी योजना अगाडि बढाइ रहेको अध्यक्ष गुरुङ बताउनुहुन्छ। नयाँ र नौलो प्रकृतिको व्यावसायप्रति पछिल्लो समय आकर्षण बढ्दै जाँदा आम्दानीको स्रोतको रूपमा पनि गड्यौले मल तथा बीउलाई लिन थालिएको छ। पश्चिम नवलपरासी पाल्हिनन्दन गाउँपालिका-३ कुश्माचोकका हृदयश बर्माले पनि गड्यौले मल उत्पादन थाल्नुभएको छ। एकीकृत हातेमालो समाज नेपाल नामक संस्थामा आवद्ध व्यावसायिक कृषक बर्माले वालिङमा गरिएको गड्यौला पालनको अवलोकन पछि प्रेरित भई गड्यौलापालन थाल्नुभएको हो। "झण्डै १२ कट्ठामा व्यावसायिक रूपमा काँक्रा खेती गर्दै आएको छु" उहाँले भन्नुभयो, "काँक्रा खेतीमा रासायनिक मलको प्रयोग गर्दा उत्पादन खासै राम्रो भएन, गड्यौले मलको प्रयोगले उत्पादन दोब्बर भयो, माटोको उर्वराशक्ति पनि बढेको महसुस गरेको छु।"

अहिले आफूलाई पुग्ने गरीमात्रै गड्यौले मल उत्पादन गर्नुभएका बर्माले आगामी दिनमा उत्पादन वृद्धि गर्ने योजनामा हुनुहुन्छ। उत्पादन वृद्धि भएसँगै आफूले प्रयोग गरेर रहेको मल बिक्री गर्ने सोचमा उहाँ हुनुहुन्छ। "पछिल्लो समय गाउँघरबाट गाईगोरु, भैंसी पाल्ने क्रम हराउँदै गएको छ" बर्माले भन्नुभयो, "खेतीपातीका लागि मल नभई भएन, मलका लागि गड्यौला पालन उपयुक्त लाग्यो, वालिङ गएर हेर्यौं र फर्केसँगै अहिले गाउँमा गड्यौलापालन गर्ने धेरै हुनुहुन्छ, अरु पनि क्रमशः जोडिदै हुनुहुन्छ। स्याङ्जाको वालिङ-५ पिल्लेकस्थित जनकल्याण कृषि सहकारीमा आवद्ध व्यावसायिक कृषकले पनि गड्यौला पालन गर्दै आएका छन्। कृषिको पकेट क्षेत्रकारूपमा पहिचान बनाएको पिल्लेकका कृषकले आफ्नो बारीमा तरकारीबालीमा प्रयोग गर्नका लागि गड्यौला मल उत्पादन गर्दै आएका हुन्। यहाँका कृषकले व्यावसायिक रूपमा पनि गड्यौला पालन गर्दै आएका सहकारीका व्यवस्थापक एवम् अगुवा कृषक हुमनाथ लामिछानेले बताउनुभयो। "सहकारीमा आवद्ध ८/१० जना कृषकले गड्यौलापालन गर्दै आउनुभएको छ" कृषक लामिछानेले भन्नुभयो, "उहाँहरुले तरकारी उत्पादनका लागि प्रयोग गर्नुहुन्छ भने बाँकी रहेको मल वालिङ प्रोडक्ट होल्डिङमा प्रतिकेजी रु ३० का दरले बिक्री गर्नुहुन्छ।" गड्यौलाको बीउ प्रतिकेजी रु एक हजार ७०० का दरले बिक्री गरेको कृषक लामिछानेले बताउनुभयो।

लगानी र मिहेनत कम लाग्ने तर गड्यौला र मल दुवै बिक्री गरेर दोहोरो फाइदा लिन सकिने भएकाले पनि यसतर्फ कृषकको आकर्षण बढ्दै गएको हो। गड्यौले मलको प्रयोगले उत्पादनमा वृद्धि हुने, स्वस्थ र अर्गानिक उत्पादनमा सहयोग पुग्ने र माटोको उर्वराशक्ति बढाउने भएकाले यहाँका कृषक गड्यौला पालनतर्फ आकर्षित भएका कृषक लामिछाने बताउनुहुन्छ। कृषक लामिछानेले तीन वटा पिटबाट वार्षिक रूपमा पाँच हजार केजीभन्दा बढी मल उत्पादन गर्दै आउनुभएको छ। मलबाहेक गड्यौलाको बीउ पनि बिक्री गरी राम्रो आम्दानी हुने गरेको छ। बजारबाट गड्यौले मल किनेर तरकारी उत्पादनमा प्रयोग गर्दै आउनुभएका वालिङ-८ का व्यावसायिक कृषक फालचन्द्र कोइरालाले केही दिन अघिदेखि गड्यौला पाल्न सुरु गर्नुभएको छ। गड्यौले मलको प्रयोग गर्दा उत्पादन बढेको महसुस गर्नुभएका कोइराला ले आफैंले गड्यौले मल उत्पादन गर्ने उद्देश्यले वालिङ प्रोडक्ट होल्डिङबाट गड्यौलाको बीउ खरिद गरेर गड्यौलापालन थाल्नुभएको हो। "रासायनिक मलको विकल्पमा गड्यौले मल किनेर प्रयोग गर्दै आएको थिएँ" कृषक कोइरालाले भन्नुभयो, "यसको प्रयोगले उत्पादनमा वृद्धि भएसँगै रासायनिक मललाई विस्थापित गर्न आफैंले गड्यौले मल उत्पादन गर्ने सोच बनाएर गड्यौला पाल्न थालेको हुँ।" सुरुमा थोरैबाट सुरु गर्नुभएका कोइरालाले विस्तारै थप गर्दै लैजाने तयारीमा हुनुहुन्छ।

रासायनिक मलको धेरै प्रयोग गर्दा माटोलाई साहे र कसिलो बनाउने तर गड्यौले मलको प्रयोगले माटोको उर्वराशक्ति बढाउन मद्दत पुग्ने भएकाले पनि गड्यौले मलको प्रयोगतर्फ कृषक आकर्षित हुँदै गएको कृषि विकास कार्यालय स्याङ्जाका कृषि अर्थविज्ञ नारायणप्रसाद पाठक बताउनुहुन्छ। सहकारीले मलको प्रशोधन गरेपछि पाँच, १०, २० र २५ केजीका बोरामा प्याकेजिङ गरेर 'वालिङ गड्यौले मल'को नामबाट बजारी करण गरिदै आएको छ। "अहिले बिक्री भइरहेका ठाउँमा कृषक आफैं आएर खरिद गरेर लैजानुहुन्छ" व्यवस्थापक कोइरालाले भन्नुभयो, "टाढा-टाढाबाट पनि मल तथा बीउको माग हुने गरेको छ, तर अहिले टाढा-टाढासम्म पुऱ्याउन सकिएको छैन।"

पछिल्लो समय वस्तुभाउ पाल्ने क्रम हराउँदै जाँदा पनि गड्यौले मलको प्रयोग बढ्न थालेको हो। समाप्त।


स्वच्छ शहरः स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौंः सुन्दर बनाऔं।

नेपाल सरकार,
विज्ञापन बोर्ड


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।


प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

## नेकपाको राष्ट्रिय जागरण अभियान

❑ प्रत्यूष समाचारदाता

काठमाडौँ । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) राष्ट्रिय स्वाधीनता रक्षा, लोकतन्त्र र जनअधिकारको संरक्षण, पार्टी रुपान्तरण तथा समाजवाद निर्माणका आधार तयार पार्ने उद्देश्यले शनिबारदेखि 'राष्ट्रिय जागरण अभियान' सुरु गरेको छ ।

आगामी मङ्सिर २५ गतेसम्म सञ्चालन हुने सो अभियान अन्तर्गत किसान, श्रमजीवी, मजदुर, युवा, विद्यार्थी, महिला, दलित, आदिवासी जनजाति, मधेसी, पिछडिएका क्षेत्रका जनता, बुद्धिजीवीलगायत व्यवसायीसँग प्रत्यक्ष संवाद गरिने नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले जानकारी दिनुभयो ।

"अभियानमार्फत पार्टीका केन्द्रीय नेताको नेतृत्वमा गाउँ, वडा र तपाईंहरूकै टोलसम्म आउँदैछौँ, जनताका समस्या, गुनासा, सुझाव र आलोचना सुन्नेछौँ", ।

शनिबार अभियान घोषणा गर्दै उहाँले भन्नुभयो, "महँगी, बेरोजगारी, कालोबजारी, भ्रष्टाचार, आर्थिक असुरक्षा, सार्वजनिक सेवामा हुने ढिलासुस्ती, सुकुमवासी र श्रमिकका समस्या तथा वैदेशिक रोजगारीसँग सम्बन्धित कठिनाइबारे तथ्य र अनुभव सङ्कलन गर्नेछौँ ।"सो क्रममा नेताहरुले बताए ।

## एनपिएलः रदरफोर्ड सुदूरपश्चिम, हुनेन साह जनकपुरमा आबद्ध

काठमाडौँ । वेष्ट इण्डिजका क्रिकेटर शेरफन रदरफोर्डले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) सुदूरपश्चिम रोयल्सबाट खेल्ने भएका छन् । सुदूरपश्चिमले उनलाई शनिबार टोलीमा भित्र्याएको औपचारिक जानकारी दिएको हो ।

सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले रदरफोर्डको आगमनले टोलीको ब्याटिङ क्षमता थप मजबुत हुने प्रतिक्रिया दिनुभएको छ ।

"रदरफोर्डजस्ता अनुभवी र आक्रामक खेलाडीको आबद्धताले हाम्रो टोलीलाई थप बलियो बनाउनेछ । उनको ब्याटिङ क्षमता र फ्रेन्चाइज क्रिकेटको अनुभवबाट यस सिजनको लक्ष्य हासिल गर्न महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरेका छौँ", खड्काले भन्नुभयो ।

अट्ठाइस वर्षीय बायाँहाते ब्याटर रदरफोर्ड टी-२० क्रिकेट प्रारुपमा आक्रामक ब्याटिङका लागि परिचित छन् । उनले वेष्ट इण्डिजबाट ३१ एकदिवसीय र ६१ टी-२० अन्तरराष्ट्रिय खेल खेल्दै क्रमशः ८७३ र एक हजार १२३ रन बनाएका छन् । यस्तै, आइतबार नै जनकपुर बोल्ट्सले पाकिस्तानका तीव्र गतिका बलर हुनेन साहलाई अनुबन्ध गरेको छ । चौबिस वर्षीय साह पाकिस्तान को घरेलु क्रिकेटसँगै पाकिस्तान सुपर लिग (पिएसएल) र क्यारेबियन प्रिमियर लिग (सिपिएल) मा समेत खेलि सकेका बलर हुन् । उनले सन् २०२६ को पिएसएलमा उत्कृष्ट प्रदर्शन गर्दै १० खेलमा १७ विकेट लिएका थिए । त्यसपछि साहले यही वर्षको सिपिएलमा जमैका क्रिङ्समेन बाट खेल्दै १३ खेलमा १६ विकेट लिए । उनी प्रतियोगितामा संयुक्त रूपमा सर्वाधिक विकेट लिने बलर बनेका थिए । विदेशी लिगको रूपमा एनपिएल उनका लागि दोस्रो प्रतियोगिता हुनेछ । एनपिएलको तेस्रो संस्करण आगामी सोमबारदेखि काठमाडौँमा आयोजना हुँदैछ ।

## पाटनको मूल चोकमा जीवित देवी यल कुमारीबाट सर्वसाधारणलाई टीका प्रदान

ललितपुर । ललितपुरको ऐतिहासिक पाटन दरबारको मूल चोकमा जीवित देवी यल कुमारीबाट सर्वसाधारणलाई टीका र जमारा प्रदान गरिएको छ ।

बडादसैँको टीकाको चौथो दिन शनिबार त्रयोदशीका दिन जीवित देवी कुमारीको हातबाट टीका र जमारा ग्रहण गरेसँगै पाटनको नेवारी समुदायमा औपचारिक रूपमा दसैँको टीका विसर्जन भएको छ ।

सो अवसरमा नेवारी समुदायमा बडादसैँ२०८३ को विजयादशमीका दिनसमेत जीवित देवी यल कुमारीको हातबाट टीका र जमरा ग्रहण गर्ने विशिष्ट धार्मिक तथा सांस्कृतिक परम्परा रहिआएको छ । पाटनकी जीवित देवी कुमारीलाई तलेजु भवानीको प्रतीकका रूपमा श्रद्धा गरिन्छ ।

परम्परा अनुसार विजया दशमीका दिन सुरुमा कुमारी घरका मूल पुजारी, गुभाजु तथा स्थानीय नाइकेले कुमारीको हातबाट टीका र जमरा ग्रहण गर्ने गर्छन् । त्यसपछि सर्वसाधारण भक्तजनका लागि टीका ग्रहण गर्ने अवसर खुला गरिने परम्परा रहेको छ । कुमारीको हातबाट टीका र जमरा ग्रहण गर्दा सुख, शान्ति, समृद्धि प्राप्त हुने तथा अनिष्टबाट रक्षा हुने धार्मिक जनविश्वास छ ।

पाटनको यल कुमारीसँग जोडिएको यो परम्पराले उपत्यका को मौलिक नेवार संस्कृति, धार्मिक आस्था र ऐतिहासिक सम्पदाको महत्त्वलाई उजागर गर्छ ।

पुस्तौँदेखि चलिआएको यस्तो परम्पराले स्थानीय सांस्कृतिक पहिचानलाई जीवन्त राख्न योगदान पुर्याउँदै आएको छ । मल्लकालीन समयदेखि चल्दै आएको यो परम्परा पाटनको सबैभन्दा महत्त्वपूर्ण सांस्कृतिक पहिचानमध्ये एक हो । बडादसैँको महानवमी र विजया दशमीका दिन तलेजु भवानीको विशेष पूजा र शक्ति आर्जनको विधि सकिएपछि त्रयोदशीको दिन कुमारी देवगृहबाट बाहिर निस्केर आम नागरिकलाई आशिर्वाद दिने परम्परा रहेको छ । ललितपुरको सांस्कृतिक गरिमालाई झल्काउने कुमारीको दर्शन पाउन र टीका थाप्न साँझ पाटन दरबार क्षेत्रमा दर्शनार्थीहरूको लामो लाम लागेको थियो ।

## राजनीतिमा अनुसन्धानको ठूलो महत्व

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले राजनीतिमा अनुसन्धान को ठूलो महत्व हुने बताउनुभएको छ । राजनीतिमा सक्रिय हुने व्यक्तिले समाजका समस्या बुझ्न, वास्तविकता पहिचान गर्न र त्यसको समाधान खोज्न आफैँले अध्ययन तथा अनुसन्धान गर्नुपर्ने उहाँको भनाइ छ । भक्तपुरमा शनिबार सम्पन्न दुई दिने ४६औं नेपालभाषा साहित्य तःमुंज्याको समापन समारोहमा उहाँले राजनीतिक क्षेत्रमा सफल हुन अरूको अनुभवबाट सिक्नुका साथै आफ्नै प्रयास र मेहनतबाट ज्ञान हासिल गर्नुपर्ने सन्देश दिनुभयो ।

'जनता म्वाःसा भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा बाँच्छ' भन्ने मूल नाराका साथ भक्तपुर नगरपालिका-७ गोमारीस्थित यातामा आयोजित दुईदिने साहित्य सम्मेलनमा नेपालभाषा, साहित्य, कला, संस्कृति र समसामयिक सामाजिक तथा राजनीतिक विषयमा छलफल गरिएको थियो ।

## कर्णालीको सुर्खेतमा सवारी दुर्घटनाबाट मृत्यु हुनेको सङ्ख्या उच्च

कर्णाली । कर्णाली प्रदेशका दश जिल्लामध्ये सबैभन्दा बढी सवारी दुर्घटना र मृत्यु हुनेको सङ्ख्या सुर्खेतमा भएको पाइएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको आर्थिक वर्ष २०८२/०८३ को अभिलेखमा सवारी दुर्घटनाबाट सुर्खेतमा २४ पुरुष, नौ महिला र चार बालक गरी ३७ जनाको मृत्यु भएको उल्लेख गरिएको छ ।

रुकुमपश्चिममा १२ पुरुष, चार महिला, दुई बालक र चार बालिका गरी २२ तथा सल्यानमा १७ पुरुष, तीन महिला र एक बालक गरी २१ जनाको मृत्यु भएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरिक्षक रामप्रसाद घर्ती मगरले जानकारी दिनुभयो ।

त्यस्तै, सल्यानमा १७ पुरुष, तीन महिला र एक बालक गरी २१, कालीकोटमा ११ पुरुष, एक महिला र एक बालिका गरी १३, दैलेखमा आठ पुरुष, तीन महिला र एक बालक गरी १२, जाजरकोटमा सात पुरुष, एक महिला र एक बालक गरी नौ, हुम्लामा पाँच पुरुष, एक महिला, एक बालक र एक बालिका गरी आठ, जुम्लामा तीन पुरुष, एक बालकसहित चार, डोल्पामा छ पुरुष र मुगुमा तीन पुरुषको सवारी दुर्घटनामा मृत्यु भएको प्रहरी उपरिक्षक घर्तीले बताउनुभयो ।

त्यसैगरी, वर्षभरिको सवारी दुर्घटनामा सुर्खेतमा ७१३ पुरुष, ३०० महिला, ११५ बालक र ६७ बालिका गरी जम्मा एक हजार १९५, रुकुमपश्चिममा १४१ पुरुष, ६२ महिला, ३३ बालक र २६ बालिकासहित २६२, सल्यानमा ९७ पुरुष, ५९ महिला, २३ बालक र २३ बालिका गरी २०२, दैलेखमा ११९ पुरुष, ६० महिला, १४ बालक र सात पुरुष गरी २०० जना घाइते भएको उहाँले बताउनुभयो ।

त्यस्तै, जाजरकोटमा ५९ पुरुष, ३७ पुरुष, १५ बालक, १५ बालिका गरी १२६, कालीकोटमा ५६ पुरुष, २६ महिला, नौ बालक र पाँच बालिका गरी ९६, जुम्लामा ४५ पुरुष, २१ म्हिला, आठ बालक र दश बालिका गरी ८४, डोल्पामा ३९ पुरुष, नौ महिला, छ बालक र दुई बालिका गरी ५६, हुम्लामा ३३ पुरुष, १७ महिला, दुई बालक र दुई बालिका गरी ५४ र मुगुमा १७ पुरुष, सात महिला, तीन बालक र तीन बालिका गरी ३० जना सवारीमा दुर्घटना भएको प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ ।

## धान थन्काउन किसानलाई चटारो

भोजपुर । पहाडी भूगोलका मिलेका गराहरू लहलहाएका सुनौला धानका बालाहरूले पहेँलपुर बनेका छन् ।

धान थन्काउने मुख्य समयमै दसैं भित्रिएकाले अहिले किसानहरू परिवार र आफन्तजन सँग चाडपर्वको खुसियाली साट्नमा व्यस्त देखिन्छन् । दसैंको टीका-जमरार खानपिन सकिने बित्तिकै धान थन्काउने चटारो सुरु हुने भोजपुर नगरपालिका-६ की किसान सङ्गीता खड्का बताउनुहुन्छ । कात्तिक महिनाको सुरुआतसँगै पहाडी भेगको मुख्य खाद्यान्न बालीका रूपमा रहेको धान पाकेर पहेँलो भएपछि यहाँको वातावरण नै रमणीय बनेको छ । यस वर्ष अनुकूल मौसम, समयमै भएको मनसुन र पर्याप्त सिँचाइका कारण धान उत्पादन विगतको तुलनामा राम्रो हुने आशा रहेको किसानको भनाइ छ । भोजपुर नगरपालिका-५ का स्थानीय किसान भीमसेन फुयालले पहेँलै बनेको धानले गाउँघर तथा डाँडाको पाखाको सौन्दर्य बढाएको बताउनुभयो । चाडबाड सकिएलगत्तै खेतमा पुगेर धान काट्ने, मुठा बाँध्ने, दाइँ हाल्ने र धान भण्डारण गर्ने चटारो सुरु हुने किसान फुयालले जानकारी दिनुभयो ।

अहिले चाडपर्वपछि गाउँमा परम्परागत रुपमा चल्दै आएको 'अर्मपर्म' गरेर धान भण्डारको काम सुर हुने उहाँको भनाइ छ । मेसिनरी औजारको पहुँच सहज नभएका भिराला खेतहरूमा परिवारका सदस्यहरूसँगै छिमेकीहरू मिलेर धान काट्ने र भित्र्याउने चलन रहेको किसान फुयाल बताउनुहुन्छ । वर्षभरिको मुख्य खाद्यान्न बाली राम्रोसँग घर भित्र्याएपछि ढुक्क हुने उहाँले बताउनुभयो ।

## मुस्ताङमा पर्यटकीय चहलपहल बढ्यो

मुस्ताङ । दसैँदेखि हिमाली मुस्ताङमा पर्यटकीय चहलपहल बढ्दै जान थालेको छ । दसैँ अघि सुनसान जस्तै बनेको मुस्ताङमा यही बिहीबारदेखि भने पर्यटकको आगमन सङ्ख्या वृद्धि हुन थालेको हो ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढी र गत असोज ११ गतेको भारी वर्षाका कारण बाढी पहिरो र नदी कटानले मुस्ताङ जोड्ने (बेनी-जोमसोम) सडकमार्ग पूर्ण रूपमा अवरुद्ध हुँदा मुस्ताङमा पर्यटकको आगमन सङ्ख्या घटेको थियो । जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक एवं सूचना अधिकारी ईश्वर महतका अनुसार दसैँपछि बेनी-जोमसोम सडकमार्ग हुँदै पर्यटक मुस्ताङ आउने सङ्ख्या बढेको छ ।

यसवर्ष घटस्थापनादेखि विजया दशमीको दिनसम्म बेनी-जोमसोम सडकमार्गबाट पाँच हजार ६६३ जना पर्यटक मुस्ताङ भित्रिएका थिए । जसमध्ये पुरुष तीन हजार ७३८ र महिला एक हजार ९२५ जना रहेका थिए । प्रहरी निरीक्षक ईश्वर महतका अनुसार घटस्थापनादेखि विजया दशमी सम्मको १० दिनको अवधिमा उक्त सङ्ख्यामा पर्यटक मुस्ताङ भित्रिदा चार हजार ४०९ अर्थात् (७७ दशमलव ८५) प्रतिशत विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए ।

प्राकृतिक विपद्का कारण बेनी-जोमसोम सडकमार्ग अवरुद्ध हुँदा मुस्ताङको पर्यटन पूर्ण रूपमा प्रभावित बनेकोमा दसैँपछि मुस्ताङमा पर्यटक आगमन सङ्ख्या वृद्धि भइरहेको जिल्ला प्रहरी कार्यालय मुस्ताङको तथ्याङ्कमा उल्लेख छ । प्रहरी निरीक्षक महतका अनुसार दसैँपछि बिहीबार र शुक्रबार गरी दुई दिनमा सात हजार ८४६ जना पर्यटक मुस्ताङ भित्रिएका छन् । दसैँ टिकापछिको पहिलो दिन बिहीबार तीन हजार ३३ जना र दोस्रो दिन शुक्रबार चार हजार ८१३ जना स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् । दसैँपछि मुस्ताङ भ्रमण गर्ने दैनिक औसत क्रमशः वृद्धि हुँदै जान थालेको प्रहरी निरक्षक महतको भनाइ छ । चालु वर्षको साउनमा तीस हजार ५३४ जना, भदौमा बीस हजार २६८ जना र असोज महिनामा अठार हजार



६०१ जना पर्यटक मुस्ताङ भित्रिएका छन् ।

दसैँ-तिहार बिदामा मुस्ताङमा पर्यटन व्यवसाय चलायमान हुने अपेक्षा गरिएको छ । दसैँ बिदामा विदेशबाट स्वदेश फर्किएका र दसैँ बिदाको अवसर पारेर निजामती कर्मचारी, बैंक तथा वित्तिय संस्थालगायत देशका विभिन्न भागमा मुस्ताङ भ्रमण गर्न पर्यटक मुस्ताङ आउने गर्छन । यसपटक पनि दसैँ-तिहार र छठ पर्वसम्म स्वदेशी तथा विदेशी पर्यटकको उपस्थिति वृद्धि हुनेमा यहाँमा पर्यटन व्यवसायी विश्वस्त रहेका छन् । धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङको मुक्तिनाथ मन्दिरको दर्शन गरी कोरलानाका, झोङ गुफा, लोमान्थाङ दरबार, घर गुम्बा, चोङ्सी गुफा, ढुम्बाताल, टिटी ताल लगायतका यहाँका दर्जनौं पर्यटक गन्तव्यहरू रहेका मुस्ताङमा पर्यटकको आकर्षण बढ्दो रहेको छ ।

यहाँका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, जैविक विविधिता, हिमाली भू-दृश्य र प्राकृतिक सौन्दर्यताले मुस्ताङमा पर्यटक उपस्थिति हुने गरेको छ ।

भोटेकोशी बाढी घटना र बेनी-जोमसोम अवरुद्धका कारण सुस्ताएको मुस्ताङको पर्यटन क्षेत्र चलायमान हुने अपेक्षा समेत गरिएको छ ।

## थापालाई विशिष्ट प्रतिभा सम्मान

काठमाडौँ । नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतले यस वर्षको विशिष्ट प्रतिभा सम्मान गीतकार शिवशङ्कर थापा मगर र प्रतिभा पुरस्कार कवि तथा कलाकार चन्द्र रानाहँछालाई प्रदान गर्ने भएको छ ।

प्रतिष्ठानका अध्यक्ष देवेन्द्र खेरेस र महासचिव चोक गुरुङद्वारा जारी विज्ञप्तिका अनुसार थापालाई रु एक लाख राशिको विशिष्ट प्रतिभा सम्मान र रानाहँछालाई रु एक लाख राशिको प्रतिभा पुरस्कार प्रदान गरिनेछ ।

दुवै पुरस्कार आगामी मङ्सिरमा काठमाडौँमा प्रदान गरिने प्रतिष्ठानले जनाएको छ । विसं २००३ वैशाख १५ गते धनकुटाको चुलीवन, डाँडागाउँमा जन्मनुभएका थापा युवा अवस्थादेखि नै गीत लेखनमा सक्रिय हुनुहुन्छ । उहाँले २०२० सालदेखि गीत लेख्न थाल्नुभएको थियो । २०२६ सालमा रेडियो नेपालको स्वर परीक्षा उत्तीर्ण गरी गीत रेकर्ड गराउनुभएका उहाँका गीत २०२८ सालदेखि रेडियो नेपालबाट प्रसारण हुन थालेका थिए ।

यसैगरी, २०३७ सालमा खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-९, निर्मलीडाँडामा जन्मनुभएका रानाहँछा साहित्य लेखन र कलाकारितामा सक्रिय हुनुहुन्छ । बाल्यकालदेखि नै चित्रकलामा रुचि राख्दै आउनुभएका उहाँले गीत, कविता, कथा तथा चलचित्रका पटकथा लेखनमा समेत योगदान पुर्याउनुभएको छ ।

# म्याग्दीका पशुगोठ बैंसी झर्न थाले



म्याग्दी । म्याग्दीका पशुगोठ लेकाली क्षेत्रको बुकीबाट बैंसी झर्न थालेका छन् । शरद्यामको सुरुआतसँगै चिसो बढ्न थालेपछि बर्खायाममा हिमालको फेदीमा पुगेका गाईभैंसी, भैंडाबाखाका गोठ गाउँ नजिकैका खर्कमा झार्न थालेका हुन् ।

पशुका लागि पोषिलो घाँस पाइने हिमाली चरन क्षेत्रलाई बुकी र गाईवस्तुको गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ । धौलागिरि गाउँ पालिका-१ गुर्जाका हर्कवीर विकले फागुनेको बुकीमा तीन महिना घाँस खुवाएपछि गाउँ नजिकै गोठ ल्याएको बताउनुभयो ।

विदेशबाट फर्किएर ३५ वटा भैंसी पालेका उहाँका अनुसार हाल मकै भित्र्याएको बारीमा राखिएको गोठ कोदो भित्र्याएपछि मङ्सिरमा बैंसीको फाँटमा झार्ने चलन छ । पोषिलो घाँस खाएर मोटाएका गाईभैंसी, गोरु र भैंडाबाखाको बथानलाई अघि लगाउँदै गोठाला बन्दोबस्तीका सामान बोकेर लेकबैंसी गर्छन् ।

गाउँ झरेका गोठाला र गाईबस्तुको चहलपहल बढेको गुर्जाका राजिन छन्त्यालले सो क्रममा बताउनुभयो । पशु चौपायाले गाउँ नजिकैको पाखाबारी भरिएका छन् । ती पाखामा असङ्ख्य गाईगोरु, बाच्छाबाच्छी, भैंसी र भैंडाबाखा चरनमा रमाइरहेका देखिन्छन् । महिनौं पुग्ने खर्चबर्च बोकेर गएका गोठाला गाउँ झरेपछि मात्रै परिवारसँग भेट हुन्छ ।

हिमाली क्षेत्रको बुकीको पोषिलो घाँस खाएका पशुचौपाया स्वस्थ, बलिया र दुधालु हुने धौलागिरि-५ मल्कवाङका हिम बहादुर छन्त्यालले बताउनुभयो । खर्कमा रहेका ढुङ्गाको पर्खालमा काठ र निगाला तेर्साएर त्रिपाल र पाल राखेर अस्थायी गोठ बनाइन्छ । ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण र धौलागिरि हिमाल आसपासका क्षेत्रमा गोठ लैजाने गरिन्छ । धौलागिरिको गुर्जा, लुलाङ, लमसुङ, खोरिया, मुना, दर, मुदी, खिवाङ, फलियागाउँ, मल्कवाङ, रघुगङ्गाको कुइनेखानी, पात्लेखर्क, मङ्गलेखानी, चिमखोला, दग्नाम, ठाडाखानी, अन्नपूर्णको दोवा, दाना, नारच्याङ, पाउद्वार, शिख, राम्चेका किसानले घुम्ती गोठमा परम्परागत शैलीमा पशुपालन गर्दै आएका छन् । बैंसीका खेतबारीमा घुम्ती गोठ राखेर जमिनलाई मलिलो बनाउने चलन छ युवा पुस्ताले बेवास्ता गर्दा र वैदेशिक रोजगारीका कारण घुम्ती गोठमा गरिने पशुपालन सङ्कटमा परेको धौलागिरि गाउँ पालिका-४ का कीर्तबहादुर घर्तीले बताउनुभयो ।

# डोम समुदायका पेसा संकटमा

सप्तरी । तराई मधेसमा विवाह तथा चाडपर्वमा प्रयोग हुने कोनिया, नाङ्लो, ढक्की, चँगेरी बनाएर जीविकोपार्जन गर्दै आएका मरिक (डोम) समुदायको पेसा सङ्कटमा परेको छ ।

यस समुदायको पुर्ख्यौंउली पेसा ढक्की, कोनियालगायत बाँसको सामग्री बनाउने भए पनि परिश्रम अत्यधिक र आम्दानी न्यून भएपछि यस पेसाबाट आएको आम्दानीले उनीहरूलाई आफ्नो परिवारको खर्च टार्न समस्या हुँदै आएको हो । दिनप्रतिदिन महँगी बढ्दै गएको र आम्दानी सीमित भएकाले यस समुदायको पेसा सङ्कटमा परेको हो । याममा जसोतसो छाक टार्न सहज भए पनि अन्य समयमा छाक टार्ने समस्या हुँदै आएको जिल्लाको तिरहुत गाउँपालिका-३ का ७० वर्षीय भजु मरिकले बताउनुभयो । उहाँले भन्नुभयो" विवाह र चाडपर्वको बेला ठिकै आम्दानी भए पनि अन्य समयमा दुई छाक टार्नसमेत समस्या हुँदै आएको छ । बाँसको सामान बनाउन समय धेरै लाग्ने र दाम भनेजस्तो पाउन नसकेपछि समस्या हुँदै आएको छ ।" ढक्की, कोनियालगायत सामग्री तयार पार्नका लागि एउटा बाँस किन्दा रु २०० देखि ३०० तिर्नुपर्छ । एउटा बाँसको दिनभरि तीनवटा सामग्री बनाउँदा रु एक हजारसम्म आउँछ ।

यसमा खर्च काटेर ७०० भन्दा बढी सिजनमा दिनको आम्दानी हुँदै आए पनि याम बाहेकको बेला बनाएको सामाग्री बिक्रीवितरण गर्न मुस्किल हुँदै आएपछि छाक टार्न समस्या हुँदै आएको उहाँले बताउँनुभयो ।

छोराहरू यही पेसामा काम गरेर जसोतसो जीविकोपार्जन गरे पनि नातिहरू यो पेसामा मेहनत बढी र आम्दानी कम हुने डरले अर्कै पेसा अपनाउन थालेको उहाँले बताउनुभयो ।

सो क्रममा बोल्नुहुँदै उहाँले भन्नुभयो "हाम्रो जातले बनाएको नियमअनुसार आफ्नो एरिया बाहेकमा गएर आफूले बनाएको सामग्री बिक्रीवितरण गर्न नपाइने हुनाले पनि यस पेसामा टिक्न हाम्रो समुदायलाई समस्या भएको छ ।"

डोम समुदायको आफ्नै नियम हुन्छ । क्षेत्र तोकेकोबाहेक आफूले बनाएको सामग्री बिक्री वितरण गर्न नपाइने हुनाले यस समुदायको पेसा सङ्कटमा परेको राजविराज नगरपालिका-१३ कि रिना मरिकले बताउनुभयो । उहाँले भन्नुभयो, "श्रीमान् अपाङ्ग हुनुहुन्छ । काम गर्न सक्नुहुन्न । मैले काम गरेर आएको आम्दानीले परिवार पाल्नुपर्ने बाध्यता छ । बाँसको सामग्री सिजनमा मात्र खरिदबिक्री हुने भएकाले अन्य बेला छाक टार्नै समस्या हुँदै आएपछि सिजनबाहेक अन्य समयमा अन्य काम गरेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता छ ।" जिल्लाका दलित अभियन्ता युक्ति मरिकले यामबाहेकको अवस्थामा यस पेसाबाट आम्दानीको अभावले हाम्रो समुदायलाई जीविकोपार्जनमा समस्या भएपछि यस पेसाबाट विस्थापित हुने अवस्था आएको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो समुदायको पेसालाई दिगो बनाउन व्यवसायी रूपमा आर्थिक सशक्तीकरणका लागि सरकारले ध्यान दिन आवश्यक छ ।"

# हिमाली र पहाडी भूभागमा आंशिक बादल लाग्ने

काठमाडौं । नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले शनिबार दिउँसो देशको हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्न सुरु गरेको जनाएको छ ।

महाशाखाले देशको तराई भू-भागमा मौसम मुख्यतया सफा हुने जनाएको छ । त्यसैगरी कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भू-भागका एकदुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको छ ।

महाशाखाका अनुसार आइतबारसम्म साँझसम्म कोशी, गण्डकी र कर्णाली प्रदेशका हिमाली भूभागमा आंशिक बादल लाग्नेछ तथा देशको बाँकी हिमाली तथा पहाडी भू-भागमा मौसम मुख्यतया सफा रहने छ ।

महाशाखाले कात्तिक ८ गते दिउँसो देशको हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्ने बताएको छ । त्यसैगरी देशको तराई भू-भागमा मौसम मुख्यतया सफा रहनेछ । कोशी र गण्डकी प्रदेशका हिमाली भू-भागका एकदुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको जनाएको छ । त्यसैगरी आइतबार राति कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका हिमाली भू-भागमा आंशिक बादल लाग्नेछ तथा देशको बाँकी हिमाली तथा पहाडी भू-भागमा मौसम मुख्यतया सफा रहने बताइएको छ । त्यसैगरी कात्तिक ९ गते सोमबार देशको हिमाली र पहाडी भूभागमा आंशिक बादल लाग्ने छ ।

# जलवायु न्यायलाई प्राथमिकता दिनुपर्नेमा जोड

काठमाडौं । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेपालका हालैका ठूला र अकल्पनीय प्राकृतिक विपद्का घटनाले नेपालमा जलवायुको असरको अवस्थालाई पुनः उजागर गरेकाले नेपालको जलवायु न्यायको मागलाई गम्भीर रुपमा लिन विश्व समुदाय समक्ष आग्रह गर्नुभएको छ ।

चाइना इन्स्टिच्युट अफ इन्टरनेसनल स्टडिजद्वारा चीनमा आयोजित सन् २०२६ को ग्लोबल गभर्नेन्स फोरम (स्योङआन) सम्मेलनलाई शनिबार सम्बोधन गर्दै उहाँले नेपालले प्राप्त गर्नुपर्ने जलवायु न्यायको अवस्था दर्शाउनुभएको उहाँको सचिवालयले जनाएको छ । पूर्वराष्ट्रपति भण्डारीले विश्वव्यापी शासन जलवायु न्यायसँग प्रत्यक्ष रूपमा जोडिएको प्रसङ्ग उल्लेख गर्दै हिमालय क्षेत्रीय जलचक्र, जैविक विविधता र पर्यावरणीय सन्तुलनसँग जोडिएको साझा प्राकृतिक सम्पदा हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "यसको संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि चीन, नेपाल, भारतलगायत हिमाली देशहरूबीच मौसमसम्बन्धी तथ्याङ्क आदानप्रदान, हिमनदी अनुगमन, पूर्वसूचना प्रणाली र विपद् प्रतिकार्यमा सहकार्य विस्तार गर्न आवश्यक छ ।"

उहाँले संयुक्त राष्ट्रसङ्घीय तथा अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूको दीर्घकालीन र भरपर्दो सहयोग सुनिश्चित गर्दै जलवायु जोखिम न्यूनीकरणका लागि क्षेत्रीय तथा अन्तरराष्ट्रिय सहकार्य सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "नेपाल यस्तो विश्वव्यवस्थाको पक्षमा छ, जहाँ शक्ति होइन अन्तरराष्ट्रिय कानुनले सम्बन्धलाई निर्देशित गरोस्, ।

सो क्रममा बोल्नुहुँदै उहाँले सबै राष्ट्रको आवाजको सम्मान होस् र कमजोर तथा जोखिममा रहेका मुलुकका सरोकारले उचित स्थान पाउन् यसका लागि संयुक्त राष्ट्रसङ्घलाई समकालीन विश्वको विविधता र आकाङ्क्षा प्रतिविम्बित गर्ने प्रभावकारी संस्थाका रूपमा सुदृढ बनाउनु आवश्यक छ ।"

# साझेदारी विस्तार गर्न 'क्रस बोर्डर टुरिजम कनेक्ट' हुँदै

चितवन । कात्तिक ९ देखि ११ गतेसम्म नेपाल-भारत क्रस बोर्डर टुरिजम कनेक्ट २०२६ कार्यक्रम आयोजना हुने भएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसिसी) र समृद्ध चितवन अभियानको आयोजनामा कार्यक्रम आयोजना गर्न लागिएको हो ।

कार्यक्रमका संयोजक एवं गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का प्रवक्ता सोमनाथ सापकोटाका अनुसार नेपाल-भारत पर्यटन साझेदारी विस्तार गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको हो । 'सीमा जोड्दै, मित्रता बढाउँदै पर्यटन प्रवर्द्धन गर्दै' भन्ने नाराका साथ कार्यक्रम आयोजना गर्न लागिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "यस कार्यक्रमको मुख्य उद्देश्य भारतीय पर्यटन बजारमा नेपालको प्रभावकारी प्रवर्द्धन गर्नु, नेपाली र भारतीय पर्यटन व्यवसायीबीच प्रत्यक्ष व्यावसायिक सम्बन्ध स्थापित गर्नु तथा नेपालका पर्यटकीय गन्तव्यलाई अन्तरराष्ट्रिय पर्यटन सञ्जालसँग जोड्नु हो ।" भारतीय पर्यटकलाई नेपालका धार्मिक, आध्यात्मिक, सांस्कृतिक, प्राकृतिक, वन्यजन्तु तथा साहसिक पर्यटन गन्तव्यसँग जोड्न सके नेपालको पर्यटन क्षेत्रमा ठूलो सम्भावना सिर्जना गर्न सकिने सापकोटाको भनाइ छ । उहाँले भन्नुभयो, "नेपालको पर्यटन प्रवर्द्धन केवल प्रचार सामग्री वितरण गरेर मात्र सम्भव हुँदैन । भारतीय पर्यटन व्यवसायीलाई नेपालका गन्तव्यमा प्रत्यक्ष ल्याउने, होटल तथा रिसोर्ट सञ्चालकसँग भेट गराउने, सेवा र सुविधाबारे जानकारी दिने र व्यावसायिक साझेदारीका आधार तयार गर्ने काम आवश्यक छ । यही सोचका साथ यो कार्यक्रम आयोजना गरिएको हो ।" यहाँ आयोजना गर्ने कार्यक्रममा भारतका विभिन्न सहरका २१ जना पर्यटन व्यवसायी तथा प्रतिनिधिहरू सहभागी हुने उहाँको भनाइ छ । उहाँहरूले नेपाली पर्यटन व्यवसायी, होटल तथा रिसोर्ट सञ्चालक र स्थानीय पर्यटन सरोकारवालासँग प्रत्यक्ष भेटघाट तथा व्यावसायिक छलफल गर्नुहुने उहाँले जानकारी दिनुभयो । भ्रमण, पर्यटन प्याकेज निर्माण तथा भविष्यमा नियमित पर्यटक आवा-गमन बढाउने सम्भावनाबारे छलफल हुनेछ । लुम्बिनी, रामग्राम, देवघाट, नवलपुर र चितवनलाई एउटै पर्यटन सर्किटमा जोड्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । विशेषगरी भरतपुर महानगरपालिका, कपिलवस्तु नगरपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका, तिलोत्तमा नगरपालिका, देवदह नगरपालिका र रामग्राम नगरपालिकालगायत क्षेत्रलाई पर्यटन सञ्जालमा जोड्दै क्षेत्रीय पर्यटन सहकार्य विस्तार गर्न सकिने सापकोटाले बताउनुभयो ।

# तामाङ सम्पदा र रुविभ्याली पदमार्ग खुला

काठमाडौं । रसुवामा अवस्थित तामाङ सम्पदा पदमार्ग र धादिङमा अवस्थित रुविभ्याली पदमार्ग पर्यटकका लागि खुला भएको छ । गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट क्षति पुगेको पदमार्ग स्याफ्रुबेंसीस्थित भोटेकोशी नदीमा अस्थायी फड्के पुल निर्माण भएसँगै पर्यटकका लागि खुला भएको हो ।

रसुवा-नुवाकोट पर्यटन समाजका अध्यक्ष बलराम न्यौपानेले भोटेकोशी बाढीले क्षति पुगेको स्याफ्रुबेंसीमा आवतजावतका लागि अस्थायी पुल निर्माण भएसँगै पर्यटकका लागि उक्त पदमार्ग खुला भएको जानकारी दिनुभयो ।

उक्त पदमार्ग भएर वार्षिक एक हजारको हाराहारीमा स्वदेशी तथा विदेशी पर्यटक आवतजावत गर्दै आएका छन् । तिब्बती प्रभाव र परम्पराले भरिपूर्ण तामाङ समुदायको जीवनशैली, ढुङ्गाले कुँदिएका घर तथा काठका झ्यालहरू, गुम्बा, माने लगायतको अवलोकन गर्न मिल्ने उक्त पदमार्गमा सातदेखि १० दिनसम्म पदयात्रा गर्न सकिनेछ । उक्त पदमार्गमा आमाछोदिङ गाउँपालिकाको स्याफ्रुबेंसी, बाहुन डाँडा, गोल्जुङ, गत्लाङ हुँदै पार्वतीकुण्ड पुग्न सकिन्छ । उक्त पदमार्गबाट गणेश हिमाल, लाङ्टाङ हिमशृङ्खला तथा चिनियाँ सिमानाको मनोरम दृश्य हेर्न सकिने रसुवा-नुवाकोट पर्यटन समाजका सचिव दिनेश तामाङ फुलुङले जानकारी दिनुभयो । उक्त पदमार्ग भएर धादिङको सुन्दर उपत्यका रुविभ्याली गाउँपालिका समेत जान सकिन्छ । धादिङका पर्यटन व्यवसायी राकेश धमलाले रसुवाको स्याफ्रुबेंसीस्थित भोटेकोशी नदीमा अस्थायी फड्के पुल निर्माण भएसँगै रसुवाको तामाङ सम्पदा पदमार्गसँगै धादिङको रुविभ्याली पदमार्गसमेत खुला भएको जानकारी दिनुभयो ।

तामाङ सम्पदा पदमार्ग भएर पदयात्रा गर्ने पर्यटक धादिङको रुविभ्याली गाउँपालिकाअन्तर्गत सोम्ताङ, पाङ्साङपास, गणेश हिमालमा रहेको सेतोदह, कालोदह हुँदै धादिङको गङ्गाजमुना र गोरखाको मनास्लु जाने गरेका छन् ।

गोरखाको बूढीगण्डकी नदीमा आएको बाढीबाट अवरुद्ध भएको मनास्लु लार्केपास क्षेत्रसमेत पर्यटकका लागि खुला भइसकेकाले उक्त क्षेत्रमा पदयात्रा गर्न सकिनेछ । धादिङको रुविभ्याली पदमार्गमा वार्षिक ४०० देखि ५०० को हाराहारीमा स्वदेशी तथा विदेशी पर्यटक जाने गरेका छन् ।

भोटेकोशी बाढीबाट प्रभावित पर्यटकीय गन्तव्य लाङ्टाङ, क्यान्जिन र गोसाइँकुण्ड क्षेत्र पदयात्राका लागि यसअघि नै पदयात्राका लागि खुला भइसकेका छन् । गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले क्षतिग्रस्त बनाएको बेत्रावतीमा बेलीब्रिज जडान भएपछि लाङटाङ क्षेत्र पुग्न दुई वैकल्पिक पदमार्ग उपलब्ध भएको ट्रेकिङ एजेन्सिज एशोसियसन अफ नेपाल (टान)ले जनाएको छ । पहिलो विकल्पअनुसार काठमाडौं हुँदै त्रिशूली र बेत्रावतीबाट धुन्चे वा ठूलोस्याफ्रु पुगेर बम्बु, लामाहोटेल, लाङटाङ हुँदै क्यान्जिन सम्म पदयात्रा गर्न सकिनेछ ।

त्यसैगरी, दोस्रो विकल्पमा काठमाडौं-चिसापानी-हेलम्बु-थारेपाटी-घोप्टे-गोसाइँकुण्ड-ठूलोस्याफ्रु-बम्बु-लामा होटल-लाङटाङ हुँदै क्यान्जिन पुग्न सकिने टानले जनाएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com